October 3rd, 2025

Friday

यो आकाशवाणी हो।

सुरुमा यस बुलेटिनका प्रमुख समाचार

1. विदेश मन्त्रालयअनुसार पाकिस्तान अधिनस्थ कश्मीर (पीओके) मा गम्भीर मानवअधिकार उल्लङ्घनको लागि पाकिस्तानलाई जवाफदेही बनाउनुपर्ने भारतको अडान

2. केन्द्रीय सहकारिता मन्त्री अमित शाहद्वारा हरियाणाको रोहतकमा साबर डेरी प्लान्टको उद्घाटन

3. विश्वव्यापी अस्थिरताको बीचमा देशको अर्थतन्त्र लचिलो रहेको वित्तमन्त्री निर्मला सीतारमणको दावी

4. भियतनाममा बुआलोई आँधीबाट मृत्यु हुनेको संख्या ५१

5. अनि नर्वेको फोर्डेमा जारी विश्व भारोत्तोलन प्रतियोगितामा मीराबाई चानु रजत पदक जित्न सफल

अब समाचार विस्तारमा

1. Army Chief – Rajasthan

सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले पाकिस्तानलाई चेतावनी दिंदै भन्नुभएको छ, यदि पाकिस्तानले कुनै नयाँ शत्रुतापूर्ण कारबाही गर्छ भने, इतिहासमा बाँच्ने वा इतिहास बन्ने मध्ये एक रोज्नुपर्नेछ। जनरल द्विवेदीले आज राजस्थानको श्रीगंगानगर नजिकैको सीमावर्ती गाउँमा रहेको सैन्य चौकीमा सैनिकहरूलाई सम्बोधन गर्दै यो बयान दिनुभएको हो। सेना प्रमुखले पाकिस्तानमा आतंकवादी समूह लुक्ने ठाउँहरू नष्ट गर्नु अपरेशन सिन्दूरको ठूलो सफलता भएको बताउनुभयो। सेना प्रमुखले प्रधानमन्त्री नरेन्द्र मोदीले सेनाको कारबाहीको महत्त्वलाई मान्यता दिँदै यसलाई अपरेशन सिन्दूर नाम दिएको उल्लेख गर्नुभयो। यस अवसरमा सेना प्रमुखले अपरेशन सिन्दूरको क्रममा उत्कृष्ट प्रदर्शन गरेकोमा तीन अधिकारी र धेरै सैनिकहरूलाई सम्मान पनि गर्नुभयो।

2. Air Force Chief-Amarpreet Singh

वायु सेना प्रमुख मार्शल अमरप्रीत सिंहले अपरेशन सिन्दूरलाई एक युद्धको रूपमा सम्झिने बताउनुभएको छ। ९३ औं वायुसेना दिवस समारोहको सन्दर्भमा आज नयाँ दिल्लीमा आयोजित वार्षिक पत्रकार सम्मेलनमा बोल्दै भारतले पाकिस्तानका धेरै निशानाहरूमा आक्रमण गरेको र

अपरेशनको क्रममा चार देखि पाँच पाकिस्तानी लडाकु विमानहरू ध्वस्त पारेको उहाँले उल्लेख गर्नुभयो।

## 3. MEA – Briefing

भारतले पाकिस्तान अधिनस्थ कश्मीर (पीओके) मा गम्भीर मानवअधिकार उल्लङ्घनको लागि पाकिस्तानलाई जवाफदेही बनाउनुपर्ने ठहर गरेको छ। नयाँ दिल्लीमा, विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले पाकिस्तान अधिनस्थ जम्मू कश्मीर (पीओके) का धेरै क्षेत्रहरूमा विरोध प्रदर्शनका क्रममा निर्दोष मानिसहरूमाथि सेनाले गरेको क्रूरताको रिपोर्टलाई उल्लेख गर्नुभयो।

## 4. Amit Shah – Sabar Dairy

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले देशको दुग्ध क्षेत्र विगत ११ वर्षमा अभूतपूर्व ७० प्रतिशतले बढेको बताउनुभयो। उहाँले यसलाई विश्वकै सबैभन्दा द्रुत गतिमा बढ्ने क्षेत्र भन्नुभयो। उहाँले आज रोहतक IMT मा साबर डेरीको नवनिर्मित प्लान्टको उद्घाटन गर्नुभयो। श्री शाहले भन्नुभयो, साबर डेरीले ₹ ३२५ करोडको लगानीमा देशको सबैभन्दा ठूलो प्लान्टको निर्माण पूरा गरेको छ। उहाँले थप भन्नुभयो......

## 5. Nirmala – Kautilya Conclave

वित्तमन्त्री निर्मला सीतारमणले विकसित भारतको लक्ष्य हासिल गर्न आठ प्रतिशतको जीडीपी वृद्धि दरको आवश्यकतामा जोड दिनुभएको छ। आज नयाँ दिल्लीमा कौटिल्य आर्थिक सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै सीतारमणले भन्नुभयो, विश्वव्यापी अस्थिरताको बीचमा घरेलु कारकहरूले देशको वृद्धि दरलाई कायम राखेका छन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

## 6. PM – Youth Projects

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीबाट ₹ ६२,००० करोडभन्दा बढी मूल्यका विभिन्न युवा-केन्द्रित पहलहरू सुरु गर्नुहुनेछ। युवा सीप विकासको लागि ऐतिहासिक पहलको एक भागको रूपमा, प्रधानमन्त्रीले देशभरका १,००० सरकारी आईटीआई संस्थानहरूलाई स्तरोन्नति गर्न पीएम-सेतुको सुरुवात गर्नुहुनेछ।

## 7. Gujarat – Ashwini Baishnav

रेलवे मन्त्री अश्विनी वैष्णव र जापानका भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्री हिरोमासा नाकानोले आज सुरतमा रहेको उच्च गतिको रेल निर्माण स्थलको भ्रमण गर्नुभयो। दुई मन्त्रीहरूले मुम्बई-अहमदाबाद हाई स्पीड रेल परियोजनाका प्रमुख पक्षहरूको समीक्षा गर्नुभयो।

## 8. Special Campain – Reddy

केन्द्रीय कोइला तथा खानी मन्त्री जी. किशन रेड्डीले आज विशेष अभियान Five Point Zero पाँच अंक शून्य अन्तर्गत भारतभरि ई-फोहोर पुनर्चक्रण पहलको सुरुवात गर्नुभयो। यो अभियान अक्टोबर ३१ सम्म चल्नेछ। श्री रेड्डीले भन्नुभयो, ई-फोहोर सङ्कलन पहलले निष्क्रिय कम्प्युटर, ल्यापटप, प्रिन्टर, एलईडी डिस्प्ले, मोबाइल फोन र अन्य खारेज गरिएका विद्युपतीय उपकरणहरूलाई व्यवस्थित रूपमा टुंगो लगाउने लक्ष्य राखेको छ। उहाँले भन्नुभयो, यो पहलले आयात निर्भरता घटाउनेछ, भारतलाई स्वच्छ ऊर्जा संकलनमा मद्दत गर्नेछ र राष्ट्रिय महत्वपूर्ण खनिज मिशनको उद्देश्यहरू प्राप्त गर्न योगदान पुऱ्याउनेछ।

## 9. Mann Ki Baat – 11 years

प्रधानमन्त्री नरेन्द्र मोदीको लोकप्रिय मासिक रेडियो कार्यक्रम, मन की बातले आज ११ वर्ष पूरा गरेको छ। मन की बातको पहिलो संस्करण अक्टोबर ३, २०१४ मा विजयादशमीको अवसरमा प्रसारण गरिएको थियो। हालै, प्रधानमन्त्री नरेन्द्र मोदीले कार्यक्रमको १२६ औं संस्करणमा राष्ट्रलाई सम्बोधन गर्नुभएको थियो। यसै प्रसंगमा प्रधानमन्त्री मोदीले भन्नुभयो......

## 10. UP- Baraily- Friday Prayers

उत्तर प्रदेशको बरेली जिल्लाको अवस्था अहिले शान्त र नियन्त्रणमा छ। शहरमा सामूहिक नमाजपछि हिंसा भड्किएको एक हप्तापछि शुक्रबारको नमाजअघि धेरै संवेदनशील क्षेत्रहरूमा सुरक्षा कडा पारिएको थियो। प्रशासनले जिल्लामा इन्टरनेट सेवाहरूमा ४८ घण्टाको प्रतिबन्ध लगाएको छ।

## 11. Ladakh - Traffic

लद्दाखको लेह जिल्लाका सबै मार्गहरूमा ट्राफिक पुनः सुरु भएपछि जनजीवन सामान्य भएको छ। जिल्ला प्रशासनले आज विद्यालयहरू पुनः खोल्न अनुमति दिएको छ। यद्यपि हालका लागि मोबाइल डेटा सेवाहरू निलम्बित रहनेछन्।

12. Vietnam - Typhoon

भियतनाममा बुआलोई आँधीबाट मृत्यु हुनेको संख्या ५१ पुगेको छ। सरकारको विपद् व्यवस्थापन एजेन्सीका अनुसार, भारी वर्षा र बाढीका कारण १४ जना बेपत्ता छन् र १६४ जना घाइते भएका छन्। बुआलोई आँधीका कारण सोमबार उत्तरी मध्य भियतनाममा पहिरो जानुका साथै उच्च छालहरू, तेज हावा र मुसलधारे वर्षा भएको थियो। एजेन्सीका अनुसार दुई लाखभन्दा बढी घरहरू क्षतिग्रस्त वा डुबानमा परेका छन्, र ५१,००० हेक्टर भन्दा बढी बालीहरू नष्ट भएका छन्।

13. Sports News

अब खेल प्रसंगः नर्वेको फोर्डेमा जारी विश्व भारोत्तोलन प्रतियोगितामा मीराबाई चानुले रजत पदक जितेकी छिन्। यसअघि उनले यस प्रतियोगितामा पहिले नै दुई पदक जितिसकेकी छिन्।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः**

1. विदेश मन्त्रालयअनुसार पाकिस्तान अधिनस्थ कश्मीर (पीओके) मा गम्भीर मानवअधिकार उल्लङ्घनको लागि पाकिस्तानलाई जवाफदेही बनाउनुपर्ने भारतको अडान

2. केन्द्रीय सहकारिता मन्त्री अमित शाहद्वारा हरियाणाको रोहतकमा साबर डेरी प्लान्टको उद्घाटन

3. विश्वव्यापी अस्थिरताको बीचमा देशको अर्थतन्त्र लचिलो रहेको वित्तमन्त्री निर्मला सीतारमणको दावी

4. भियतनाममा बुआलोई आँधीबाट मृत्यु हुनेको संख्या ५१

5. अनि नर्वेको फोर्डेमा जारी विश्व भारोत्तोलन प्रतियोगितामा मीराबाई चानु रजत पदक जित्न सफल